डा. स्टेफेन इ. जोन्स

# परमेश्वरको अद्भूत योजना (God's Marvelous Plan for Creation)

## भाग–३ धनी मानिस र लाजरस

धनी मानिस र लाजरस (लूका १६:१९–३१) चाहिँ अनन्तको यातनाको सिद्धान्त सिकाउन प्रयोग गरिएको एक खण्ड हो । यो दृष्टान्तमा येशूले एउटा धनी मानिसको बारेमा बताउनुहुन्छ जो मर्छ र नरकमा जान्छ । ऊ, एकजना गरीब मानिस लाजरससँग फरक देखाइएको छ, जो मर्छ र अब्राहामको काखमा जान्छ, जसलाई साधारणतया स्वर्ग भनी अनुवाद गरिएको छ ।

यहाँ मृत्युपछिको साधारण अवधारणालाई राज्यको दृष्टान्तको आवश्यकता भन्दा पनि वास्तविक तस्वीरको रुपमा लिइएको छ । यति हुँदाहुँदै पनि राज्यको पाँचवटा दृष्टान्तहरूको श्रृखंलामा यो एक चरमउत्कर्षमा रहेको छ । जहाँ लूकाले आफ्नो कुरा बताउन विशेष तहको व्यवस्थापन गरेका छन् । यदि हामीले लाजरसको दृष्टान्तलाई अन्य पाँच वटा दृष्टान्तको सन्दर्भबाट अलग गर्छौं भने हामीले निश्चितरुपमा यसलाई अनर्थको रुपमा लगाउदछौं । पाँच वटा दृष्टान्तहरू यी हुन्:

१. हराएको भेडा (लूका १५:३–७)
२. हराएको सिक्का (लूका १५:८–१०)
३. हराएको पुत्र/उडन्तपुत्रको कथा (लूका १५:११–३२)
४.अधर्मी/चतुरव्यवस्थापक (लूका १६:१–१३)
५. धनी मानिस र लाजरस (लूका १६:१९–३१)

यी चार दृष्टान्त पछि हामीलाई लूका १६:१४ मा भनिएको छ, “धनका लोभी फरिसीहरूले यी सबै कुरा सुनेर उहाँको उपहास गरे । तब उहाँले तिनीहरूलाई भन्नुभयो...” त्यसकारण यो पाँचौ दृष्टान्त चाहिँ फरिसीहरू प्रति लक्षित थियो । तिनीहरू धनी मानिसहरू थिए । यद्दपि, यो दृष्टान्त धनी मानिसहरू नरक जानेछन् र गरीब मानिसहरू स्वर्ग जानेछन् भन्नेबारेमा चाहिँ होइन । यो राज्यको एउटा दृष्टान्त हो जो पूरानो नियमसँग जरा गाडिएको छ । परमेश्वरको पहिलो राज्यलाई इश्राएल भनिएको थियो ।

## इश्राएलको हराएको भेडा

यो श्रृखंलाको पहिलो दृष्टान्त चाहिँ कसरी येशूले सुरक्षित रहेका ९९ भेडाहरूलाई छोड्नुभएको ताकि उहाँले एउटा हराएको भेडाको खोजी गर्न सक्नुभएकोहोस् भन्नेबारेमा छ । यर्मिया ५०:६ मा अगमबक्ताले भन्दछन्, "मेरा प्रजा हराएका भेड़ाझैँ भएका छन् तिनीहरूका गोठालाहरूले तिनीहरूलाई बरालिदिएका छन् र पहाड़मा तिनीहरूलाई घुम्न लगाएका छन तिनीहरू डाँड़ातिर र पहाड़तिर घुम्न लागे र तिनीहरूले आफ्नो गोठलाई भुले ।" त्यसकारण भेडाहरू भनेका मानिसहरू हुन ।

मुख्यतया येशूको दृष्टान्तहरू इजिकिएल ३४ बाट लिइएका थिए जहाँ पुरै अध्यायमा इश्राएलको हराएको भेडाको बारेमा अगमवक्ताले लेखेका छन् । इजकिएल ३४:६ मा परमेश्वरले यो ठूलो समस्याको बारेमा भन्नुहुन्छः

"मेरा भेड़ाहरू बाटो बिराएर पहाड़हरू र हरेक अल्गो डाँड़ामा गए । तिनीहरू सारा पृथ्वीभरि नै छरपष्ट भए, र कसैले तिनीहरूको खोजी अथवा सोधपूछ गरेन ।"

परमेश्वरले ती हराएका भेडाहरूको रेखदेख गर्न इन्कार गरेको हुनाले प्रचारकहरु र अगमवक्ताहरूलाई गाली गर्नुभयो । आजभोली, साधारणतया धेरै जनाले यसलाई प्रचारको कार्यमा लागू गरेका छन् । निश्चितरुपमा यो एक ठीक प्रयोग हो । जे भएता पनि यो त्यो भन्दा बढि हो, किनभने अगमवक्ताले अश्शूरमा (७२१ इ.पू) निर्वासित भएका इश्राएलीका बारेमा बोलिरहेका थिए ।

किनभने प्रचारकहरू र अगमवक्ताहरूले इतिहासभरी नै इश्राएलको हराएका भेडाहरूको खोजी गरेनन् । इजकिएल ३४:११ मा परमेश्वरले भन्नुभयो, "किनभने परमप्रभु परमेश्वर यसो भन्नुहुन्छ, अब म आफैले मेरा भेड़ाहरूको खोजी गरेर तिनीहरूको हेरचाह गर्नेछु ।" १६ ले थप्छ, "हराएकालाई म खोज्नेछु, बाटो बिराएकालाई फेला पारेर म ल्याउनेछु । घाइतेलाई म मलहमपट्टी लगाइदिनेछु, निर्बललाई बलियो पार्नेछु । तर मोटा, ताजा र बलियाहरूलाई म नष्ट पार्नेछु। बगालको हेरचाह न्यायसित गर्ने गोठालो म हुनेछु ।"

लूका १५ अध्यायमा भएको दृष्टान्तले येशू नै त्यो व्यक्ति हुनुहुन्छ जसले इजकिएलमा भएको भविष्यवाणीलाई पूरा गर्नुभएको छ भनी बताउँछ । असल गोठालो जसले हराएको भेडालाई खोज्नुहुन्छ, उहाँ येशू हुनुहुन्छ । अनि हराएका भेडाहरू भनेका इश्राएलीहरू हुन र ती अन्यहरु जो इश्राएलीहरूको साथसाथै भेला हुनेहरू हुन् । यशैया ५६:८ ले भन्छ,

*“इस्राएलका निकालिएकाहरूलाई भेला गराउनुहुने– परमप्रभु परमेश्वर यो घोषणा गर्नुहुन्छ, “भेला भइसकेकाहरू बाहेक म तिनीहरूकहाँ अझै अरूलाई पनि भेला गर्नेछु।”*

यो सन्दर्भले देखाउछ कि परमेश्वरले इश्राएलीहरु बाहेक अरुहरुलाई पनि भेला गर्ने अभिप्राय गर्नुहुन्छ, किनकि उहाँले अगिल्लो पदमा भन्नुहुन्छ, *“...किनकि मेरो भवन सबै जातिहरूका निम्ति प्रार्थनाको घर भनिनेछ ।”*

त्यसकारण येशूले आफ्ना चेलाहरूलाई मिशनको कार्य गर्न भन्नुभयो, *“तर इस्राएल जातिका हराएका भेड़ाहरूकहाँ जाओ।”* (मत्ती १०:६) । उहाँले तिनीहरूलाई यहूदियाका हराएका यहूदीहरू कहाँ पठाइरहनुभएको थिएन । उहाँले तिनीहरूलाई धेरै माईल पर उत्तरमा अश्शूरको कैदमा रहेका इश्राएलीहरू कहाँ पठाइरहनुभएको थियो ।

## हराएको सिक्का

हराएको भेडाको दृष्टान्तलाई हराएको सिक्काको दृष्टान्तले पछ्याएको छ । यो दृष्टान्त पनि पहिलो दृष्टान्त जस्तै छ, किनकि फेरि पनि यसले हराएको इश्राएलीहरूको बारेमा बताउँछ । प्रस्थान १९:५ ले इश्राएललाई सेगुलाह (“गाड्धन” को लागि हिब्रू शब्द) भन्दछ । यो “गाड्धन” शब्द चाहिँ छानिएका जातिबाट बनेको छन् र सिक्काले प्रतिनिधित्व गरिएको छ ।

मत्ती १३:४४ मा येशूले अर्को सिक्काको दृष्टान्त भन्नुभएको छ, जुन चाहिँ हराएको सिक्काको जस्तै विचार समेटिएको छ । उहाँले भन्नुभयो,

*“स्वर्गको राज्य कुनै एउटा खेतमा गाडी राखिएको गाड़धनजस्तो हो, जो एक जना मानिसले भेट्टाएर लुकाइराख्दछ, र आनन्दित भएर ऊ जान्छ र आफूसित भएका सबै बेच्छ, र त्यो खेत किन्छ ।”*

यहाँ अर्थ स्पष्ट छ । इश्राएल “खेतमा” गाडी राखिएको एउटा गाड़धन जस्तो थियो । मत्ती १३:३८ मा येशूले भन्नुभयो, *“खेत संसार हो ।”* इश्राएल यस संसारमा हराएको र लुकाइएको थियो, किनकि कसैले पनि इश्राएलको हराएको भेडाहरूलाई खोज्नलाई फिकी गरेनन् ।

हामीले पढ्छौ कि येशूले लुकाइराखिएको गाड्धनलाई प्राप्त गर्न पुरै खेत (संसार) लाई किन्नुभयो । जब उहाँले खेत किन्नुभयो ताकि उहाँले सबै यसमा भएका गाड्धन दाबी गर्न

सक्नुभएको होस् । यसले देखाउँछ कि गाड्धन (इश्राएल) लाई पुनः प्राप्त गर्न कसरी येशू सारा संसारको लागि मर्नुभयो (१ यूहन्ना २:२) ।

## अधर्मी भण्डारे (चतुर व्यवस्थापक)

येशूको चौथो दृष्टान्त अधर्मी तथा चतुर व्यवस्थापकको बारेमा छ । यो कथालाई गलत प्रकारले बुझाइएको छ, किनकि मानिसहरूले यो व्यवस्थापक को हो भनेर जान्दैनन् । यहाँ येशूले आफ्नो दृष्टान्तमा दुईवटा जातिहरूको बारेमा बताउनुभएको छ । पहिलो इश्राएल थियो भने दोश्रो यहूदा थियो जहाँ फरिसीहरू र अन्य धर्मावलम्बीहरूले उहाँको उपहास गरे (लूका १६:१४) ।

जब इश्राएल अश्शूर (७२१ इ.पू.)मा निर्वासित भयो र पछि देशैभरि छरियो र यहूदा अर्को शताब्दीसम्म राष्ट्रमा रहे । एक शताब्दीपछि परमेश्वरले बेबिलोनीहरूलाई यहूदालाई निर्वासित गर्न र बेबिलोनमा उहाँको मानिसहरूलाई ७० बर्षसम्मका लागि पुनःस्थापित गर्न अनुमति दिनुभयो (यर्मिया २५:११) ।

७० बर्ष पछि परमेश्वरले यहूदा (यहूदीहरू) लाई आफ्नो पूरानो भूमिमा फिर्ता ल्याउन अनुमति दिनुभयो किनकि ५०० बर्ष पछि येशू यहूदियाको बेथेलेहममा जन्मिनु पर्ने थियो ( लूका २:४) । त्यसकारण यहूदालाई अगमवक्ताहरूले कहिल्यै पनि हराएको भनी भनेनन् । निश्चितरुपमा, तिनीहरू जबसम्म तिनीहरुको येशूमा साँचो विश्वास गरेका हुँदैनथे तबसम्म आत्मिकरुपमा मरेका थिए, यद्दपि तिनीहरू एउटा जातिको रुपमा कहिल्यै हराएनन । यद्दपि, केही समयपछि तिनीहरूले एउटा राष्ट्रको अवस्था गुमाए र एउटा भिन्न जातिको रुपमा प्रख्यात भए ।

अधर्मी व्यवस्थापकको दृष्टान्त चाहिँ धार्मिक अगुवाहरू यहूदीहरू प्रति लक्षित थियो जो चाहिँ तल्लो तहका यहूदीहरूलाई दबाएर धनी भएका थिए र येशू आफैले पनि तिनीहरूको भ्रष्टचार देखाइदिनुभयो र दुई वटा अवसरमा तिनीहरूलाई मन्दिरबाट खेद्नुभयो (यूहन्ना २:१५, मत्ती २१:१२)।

अधर्मी व्यवस्थापकको दृष्टान्तले भ्रष्ट यहूदाको मुलुक र भ्रष्ट पूजहारीहरू र धार्मिक अगुवाहरूलाई देखाउँछ । त्यसकारण हामीले येशूको दृष्टान्तमा दुई वटा मुख्य चरित्रहरू

देख्दछौः इश्राएल र यहूदा । यी दुई जातिहरूको राष्ट्र एकहजार बर्ष अगाडि राजा सलोमनको मृत्युपछि अलग भयो ।

## हराएको छोराको दृष्टान्त

हराएको छोराको दृष्टान्तमा दुई भाइ थिए । एक जना छोरो (इश्राएल) ले घर छोड्यो र अर्को छोरो (यहूदा) भने घरमै रह्यो । हराएको छोराले सबै सम्पत्ति सक्यो र अन्तमा घरमा फर्कियो । जब ऊ घर फर्कियो, उसको पिता दौडेर गएर उसलाई स्वागत गरे । त्यसपछि तिनीहरूले उसको आगमनको उत्सव मनाए । जेठो दाजु (यहूदाले) भाइले पाउनुपर्ने भन्दा बढी प्रेम पाएकोमा बेखुशी जनाउदछ । उसको पिताले जवाफ दिए, लूका १५:३२ *"तर हामीले आनन्द मनाउनु र खुसी हुनु उचित थियो, किनकि यो तेरो भाइ मरेको थियो, फेरि जीवित भएको छ, हराएको थियो, र पाइएको छ ।"*यो स्पष्ट छ कि हराएको छोरा चाहिँ हराएको भेडा र हराएको सिक्का थियो । जेठो दाजु चाहिँ यहूदा हो जो अघिल्लो दृष्टान्तको अधर्मी (चतुर) व्यवस्थापक थियो । यसले यो देखाउँछ कि किन फरिसीहरूले येशूको दृष्टान्तमा उपहास गरेका थिए ।

यस पृष्ठभूमिलाई दिमागमा राख्दै हामीले श्रृखंलामा रहेको अन्तिम दृष्टान्तलाई राम्ररी बुझ्नेछौं । धनी मानिसले यहूदालाई प्रतिनिधित्व गर्दछ भने लाजरसले (गरीब मानिस) ले इश्राएलको प्रतिनिधित्व गर्दछ । जब तपाईंले हेर्नुहुन्छ, यो राज्यको कथाको दृष्टान्त हो । यसले समयको अन्तरालमा प्रत्येक जातिहरू नाश पारिएको कुरालाई बताउँछ । यो कथा प्रत्येक मानिसहरूको जीवनपछिको व्यक्तिगत जातिको कथा होइन ।

## धनी मानिस र लाजरस

दृष्टान्तमा केही चरित्रहरू पहिचान गरिसकेपछि, हामी कथामा केही विस्तृत भएको बुझ्दछौ । लाजरस चाहिँ "ढोका नेर" एउटा भिखारीको रुपमा चित्रण गरिएको छ । ऊ चाहिँ घरबाहिर ऊ जहाँ हुनुपर्ने हो ठीक त्यही नै थियो, किनभने अश्शूरले निर्वासनमा लगेपछि इश्राएल मुलुक बाहिर थियो र उनीहरूले तिनीहरूलाई विदेशी भूमिमा पुनःस्थापित गरे ।

लूका १६:२१ ले लाजरसको बारेमा यसो भन्छ, *"त्यस धनी मानिसको टेबिलबाट झरेका टुक्राटाक्री खाएर लाजरसले आफ्नो पेट भर्ने इच्छा गर्थ्यो । कुकुरहरूले पनि आएर त्यसका घाउहरू चाट्थे ।"* खानाले परमेश्वरको वचनलाई प्रतिनिधित्व गर्दछ । इश्राएलीहरु टाढामा कैदमा रहँदा आमोस ८:११ अनुसार संकष्टबाट भएर जानुपर्‍यो, "परमप्रभु परमेश्वर भन्नुहुन्छ, "... तर परमप्रभुको वचन सुन्ने तृष्णाको अनिकाल हुनेछ ।"

यसले बताउँदछ कि लाजरसको साथीहरू भनेकै कुकुरहरू मात्र थिए । ती दिनमा यहूदीहरूले गैर-यहूदीहरूलाई कुकुरको रुपमा लिन्थे (मत्ती १५:२६)। इश्राएल भने विदेशी भूमिमा बसिरहेको थियो ।

यो दृष्तान्तको रुपरेखा हो । त्यसपछि हामी धनी मानिस र लाजरस दुवै मरेको घट्ना पाउँदछौं । इश्राएल एउटा राष्ट्रको रुपमा ७०० इ.पू.मा नै पतन भैसकेको थियो । यहूदा पनि त्यसको झण्डै ४० बर्षपछि पतन हुदैंथियो किनभने रोमी साम्राज्यले सन् ७० मा येरुशलेम र मन्दिरको विध्वंश गर्‍यो ।

धर्मशास्त्रमा भविष्यवाणी गरिए अनुसार प्रत्येक जातिको फरक फरक भाग्य थियो । हराएका इश्राएलीहरूलाई पुनः भेला गर्नुपर्ने थियो र परमेश्वरको राज्यको लागि प्रयोग गर्नुपर्ने थियो । त्यसकारण लाजरसलाई अब्राहामको काखमा भएको चित्रण गरिएको छ । अब्राहामलाई विश्वासको सन्तानको रुपमा प्रतिनिधित्व गराइएको छ । गलाती ३:७ "जस( जसले विश्वास गर्छन्, तिनीहरू नै अब्राहामका सन्तान हुन् ।" तिनीहरूले अब्राहामलाई दिइएको प्रतिज्ञा विश्वासद्वारा प्राप्त गर्दछन् जुन येशूखीष्टद्वारा दिइएको नयाँ करार हो । जेभए पनि यहूदाको जातिलाई धनी मानिसले प्रतिनिधित्व गर्दछ जसले सम्पूर्णरुपमा फरक कष्ट बेहोर्दछ । धनी मानिस आफैले "नरक" मा यातना भोग्दछ । यसको अर्थ यहूदीहरू नरकमा जान्छन् भन्ने चाहिँ होइन । यसले ७० इ.स.मा यरुशलेमको पतन भएको यहूदीहरूको त्यो अवस्थालाई देखाउँछ । यहूदी जातिको पतन भयो र त्यसयता यो नरकको यातनामा सधैंको लागि रह्यो । अझपनि धनी मानिसले अब्राहामलाई बोलाउँछ र उनीसँग कुराकानी गर्दछ । यदि कुनै मानिस मरेपछि नरक जान्थ्यो भने के यो कथा साँचो हुन सम्भव हुन्थ्यो ? के त्यहाँ यस्तो बातचित हुनेछ ?
धनी मानिसलाई जिब्रोको प्यास मेट्न पानीको एक थोपाको आवश्यकता पर्‍यो । दुवै खाना र पानीले परमेश्वरको वचनको प्रतिनिधित्व गर्दछन् । धनी मानिसलाई प्रशस्त पानीको खाँचो पर्दथ्यो तर उसले पानीको एक थोपा माग्यो । त्यसकारण आज पनि यहूदीहरूले वचन जानेको दाबी गर्दछन् तर येशूलाई इन्कार गर्दै पानीको एक थोपा मात्रै माग गर्दछन् । धनी

मानिसले उसका पाँच दाजुभाइको लागि सत्यता बताउन आग्रह गर्दछ। के यो संयोग हो कि यहूदाका पाँच दाजुभाइ थिए ? तिनीहरू रूबेन, शिमियोन, लेवी, इस्साखार, र जबलून थिए (उत्पत्ति २९:३२ देखि ३०:२० सम्म हेर्नुहोस्। अन्य छ जना दाजुभाइहरू चाहिँ अरु आमाहरूबाट जन्मेका थिए।

धनी मानिसले भन्यो, यदि कोही मृतकहरूबाट कोही जीवित भएर उसको दाजुभाइ कहाँ गएमा तिनीहरूले त्यसलाई सुन्नेछन् र सत्यतामाथि विश्वास गर्नेछन्।

लूका १६:३१मा अब्राहामले उसलाई भने, 'मोशा र अगमवक्ताहरूका कुरा तिनीहरूले सुन्दैनन् भने, मृतकहरूबाट कोही जीवित भए पनि तिनीहरूले विश्वास गर्नेछैनन्।"

येशू मृत्युबाट पुनरुत्थान हुनुभयो, र पनि उनीहरूले उहाँलाई सुनेनन्। त्यसको सट्टामा तिनीहरूले आफ्ना मानिसहरूलाई छल गर्न झूठ फैलाए (मत्ती २८:१३–१५)। यो दृष्टान्तले यही कुरा सिकाउँदछ।

**परमेश्वरको राज्य सेवकाइहरू (God's Kingdom  Ministries)**
**६२०१ यूनिभर्सिटी एभ. एनई**
**फाइडले, एमएन ५५४३२**
अधिक जानकारीको लागि: http://www.gkmtracts.com/gods-marvelous-plan-for-creation-part-3